स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

फिल्म 'जुलेबी'की अभिनेत्री हुन् मोनिका थापा । उनले यसै फिल्मबाट अभिनयमा डेब्यु गरेकी हुन् । एन्थोलोजी जनरामा निर्माण भएको फिल्ममा ४ महिला पात्रको मुख्य भूमिका छ । ती मध्यकी एक हुन् उनी । फिल्म भदौ १ गते शुक्रबारबाट प्रदर्शनमा आउँदैछ । फिल्मको प्रदर्शन मिति नजिकिँदै गर्दा अहिले उनको चर्चा र व्यस्तता दुवै बढेको छ । केही सट फिल्म र विज्ञापन अभिनय अनुभवसहित फिल्ममा होमिएकी थापा 'जुलेबी'ले आफूलाई अभिनयमा स्थापित गर्नेमा ढुक्क छिन् ।

आजको विचार...

मोबाइलले...
(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल

नायिका पूजा शर्मा र नायक कुन्साङ बोम्जनको मुख्य भूमिका रहने फिल्म 'दान्भी'को छाँयाकन सुरु गरिएको छ । रुपेश तामाङको निर्देशन रहने फिल्मको दृश्य कैद काठमाडौंको नैकापमा तयार पारिएको सेटमा क्लाइमेक्सको छायांकन सुरुवात गरिएको हो। फिल्ममा शर्मा एक्सन नायिकाको रुपमा प्रस्तुत हुने छिन् । फिल्ममा पवन राना मगर कार्यकारी निर्माताको रुपमा छन् । श्रवण कुमार श्रेष्ठ, गोकुल सुवेदी र हर्क बहादुर वाइवा फिल्मका सह-निर्माता हुन् । फिल्ममा पूजा टाइटल क्यारेक्टरमा रुपमा रहेकी छन् ।

❐ वर्ष २९ ❐ अंक ३२ ❐ २०८० साउन ३२ गते बिहीबार 17 August 2023, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

संक्षिप्त समाचार

बाढी र पहिरोका कारण ६१ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

नयाँदिल्ली, साउन ३१/भारतको उत्तरी पहाडी राज्य हिमाञ्चल प्रदेशमा भारी वर्षाका कारण आएको बाढी र पहिरोका कारण पछिल्लो दुई दिनमा मृत्यु हुनेको संख्या ६१ पुगेको छ । सिमलाको समर हिल क्षेत्रमा गएको भीषण पहिरोले क्षति पुऱ्याएपछि पछिल्लो दुई दिनमा जारी खोजी तथा उद्धार कार्यमा १२ जनाको शव फेला परेको छ भने नौ जना अझै हराइरहेका छन् ।

भारी वर्षाका कारण काँगडा जिल्लामा बाँध भत्किने जोखिममा परेको छ । यसले तल्लो क्षेत्रमा बाढीको चिन्ता बढाएको छ । बाढीको जोखिममा परेका ८ सय भन्दा बढी मानिसहरूलाई तल्लो इलाकाबाट सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ र कठिन भूगोलमा बाढीको पानीमा फसेका करिब ८० जनालाई उद्धार गरिएको छ । भारतीय वायु सेनाका डुङ्गा र हेलिकप्टरहरू कठिन भू-भागहरूमा प्रभावितहरूको उद्धारका लागि सेवामा खटिएका छन् । हिमाञ्चल राज्यको राजधानी सिमलाका साथै मण्डी, कुल्लू र काँगडा जिल्ला पनि सबैभन्दा बढी प्रभावित भएका छन् । अहिलेसम्म करिब ३ सय सडक र राजमार्गहरूको यातायात प्रभावित भएको छ । एक सय वर्षभन्दा पुरानो सिमला-कालका रेल मार्गको लिक केही स्थानमा उखेलिएको छ, पुलहरू भत्किएका छन् भने ट्रान्सफर्मरहरू ढलेका वा बिग्रिएका छन् ।

व्यावसायिक अदुवा खेतीमा कृषक

एकै वडाबाट ७ लाख ७३ हजारको अदुवा बिक्री

अदुवाको मूल्यमा केही सुधार, आम्दानीबाट कृषक उत्साहित

रामचन्द्र रायमाझी

पाल्पा, साउन ३१/बगनासकाली गाउँपालिका-७ खानीगाउँस्थित अलैची टोलकी मिना कनौजेले झण्डै डेढ रोपनी जग्गामा व्यावसायिक अदुवा खेती गरिरहेकी छन् । गत वर्ष मूल्य नपाउँदा पनि ३ क्विन्टल भन्दा बढी नयाँ अदुवा बिक्री गरी ८ हजार आम्दानी गरेकी उनले यस वर्ष करिब ७० किलो बूढी अदुवाबाट मात्रै ११ हजार २ सय कमाइन् । अघिल्लो वर्ष ८ हजारको अदुवा विक्री गरेकी अर्की कृषक विनिश्वर कनौजेले पनि यस वर्ष १० हजार भन्दा बढीको विक्री गरिन् । यहाँका महिला अलैची अदुवा कृषक समूह गठन गरी व्यवसायिक रुपमै लागेका छन् ।

समूहका १२ जना कृषक आवद्ध रहेका छन् । यस्तै खानीगाउँकै दोबाटोकी कृषक विमला गैरेले यस वर्ष बुढी अदुवा मात्र १२ हजारको विक्री गरेकी छन् । अर्की कृषक सीता विकले पनि बूढी अदुवा यस वर्ष १० हजारको विक्री गरिन् । यहाँ पनि चडिस्थान अदुवा कृषक समूहमा आवद्ध १९ जना कृषहरुले व्यवसायी रुपमा अदुवा खेती गर्दै आएका छन् । उनीहरुले ४ हजारदेखि १२ हजारसम्म एक पटकमा अदुवा विक्री गर्ने गरेको समूहकी अध्यक्ष मिठु सुनारले बताइन् । चापखोला अदुवा कृषक समूहका अध्यक्ष समेत रहेका अर्का कृषक लेखनाथ न्यौपानेले साढे २ रोपनी क्षेत्रफलमा ५ क्विन्टल अदुवा लगाएका छन् । उनले पनि यस वर्ष ४३ हजारको बूढी अदुवा विक्री गरिसकेका छन् । चापखोला अदुवा कृषक समूहमा १७ जना कृषक आवद्ध छन् । उनीहरुले एकै पटकमा ५ हजारदेखि ४५ हजारसम्मको अदुवा विक्री गर्दै आएका छन् । झाक्रीस्थान अदुवा कृषक समूहमा पनि २४ जना कृषकहरु व्यवसायिक अदुवा खेतीमा लागेका छन् । यस वडामा रहेका चार वटा कृषक समूहलाई कारितास नेपालको आर्थिक सहयोग र गाउँपालिकाको प्राविधिक सहयोग रहेको छ । उनीहरुले २०७८ देखि सहयोग गर्दै आएका छन् । यहाँ एउटै वडाबाट ७ लाख ७३ हजार ३ सय ७० बराबरको अदुवा विक्री भएको छ । यहाँका चार वटा कृषक समूहले वार्षिक ३ लाख देखि ४ लाख बढीको अदुवा विक्री गर्दै आएका छन् । उनीहरुले आर्थिक वर्ष २०७८/०७९ मा ४ लाख ४० हजार ५ सय ९० को नयाँ अदुवा विक्री गरेका छन् भने आर्थिक वर्ष २०७९/०८० मा ३ लाख ३२ हजार ७ सय ८० को बूढी अदुवा विक्री गरे । उनीहरुले ३ लाख ९६ हजार २ सय बराबरको अदुवा भने विउको रुपमा राखेका छन् ।

सुरुको वर्ष मूल्य नपाएर २५ रुपैयाँ प्रति केजीमा विक्री गरेका कृषकले यस वर्ष भने उचित मूल्य पाउँदा उत्साहित छन् । उनीहरुले बूढी अदुवा १ सय ६० प्रति केजीमा विक्री गरे । यस वर्ष मूल्य राम्रो भएकाले बूढी अदुवा विक्रीबाट ९२ हजार आम्दानी गरिएको अलैची अदुवा कृषक समूहकी अध्यक्ष विनिश्वर कनौजेले बताइन् । उनका अनुसार अघिल्लो वर्ष ६७ हजारको मात्र नयाँ अदुवा विक्री भएको थियो । 'पहिलो वर्ष मूल्य नहुँदा निरास बनेका थियौं, अहिले राम्रै मूल्य पाएकाले सबै बारीमा अदुवा लगाउनुपर्छ कि भन्ने सोच बनाएका छौं' समूहकी अध्यक्ष कनौंजेले भनिन् । उनले स्थानीय सरकारले अदुवा भण्डार निर्माणमा सहयोग गरिदिए आफुहरुले उत्पादन गरेको अदुवा विग्रीन नपाउने र मूल्य समेत राम्रो पाउने बताईन् । अध्यक्ष कनौंजेले कालितास नेपालले आर्थिक सहयोग गरिदिनुको साथै तालिम समेत दिएकाले आफुहरु व्यवसायिक रुपमा लाग्न प्रेरणा मिलेको बताइन् । उनले भनिन् 'पहिले-पहिले गाउँका दिदी बहिनीहरु समूहमा बसेर अदुवा खेती गर्न मान्नुहुन्थेन, अहिले यसबाट राम्रो आम्दानी हुन थालेपछि भने सबै जना समूहमा बसेर काम गर्न उत्साहित हुनुभएको छ ।' चापखोलाका कृषक लेखनाथ न्यौपानेले कालितासको सहयोगले नै आफुहरुले मनग्य आम्दानी गर्न सफल भएको बताए । उनले अदुवामा किरा लाग्ने समस्या हुने र उत्पादनमा समेत बेला-बेलामा समस्या देखिने भएकाले स्थानीय सरकारले विषादी र माटो परीक्षणमा सहयोग गरिदिए राम्रो हुने बताए । खेतीको अनुगमनमा पुगेकी बनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदीले सबै वडामा छिट्टै माटो परीक्षण गरिने बताईन् । उनले व्यवसायिक रुपमा कृषि गर्ने कृषकहरुका लागि स्थानीय सरकारले आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिन् । यहाँ सुरुका वर्ष कारितास नेपालको ९० प्रतिशत र कृषकहरुको १० प्रतिशत लगानीमा अदुवा खेती सुरु गरिएको थियो । पछिल्लो वर्ष भने कारितासको ८० प्रतिशत र कृषकको २० प्रतिशत लगानी रहेको कालितास नेपालका कार्यक्रम संयोजक हरिश सिहं कुवरले बताए । कारितासले कृषकहरुका लागि विउविज र प्राविधिक सहयोग समेत गर्दै आएको छ ।

(...बाँकी अन्तिम पेजमा)

जंगली च्याउहरु विषालु पनि हुन सक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर
मात्र खाऔं ।
खेती गरेर उमारेका च्याउ
खाने गरौं ।
जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भ्रष्टाचारको रकम जम्मा गर्न अलग खाता, सात जना विरुद्ध भ्रष्टाचार मुद्दा

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय
बुटवल

भैरहवा (रूपन्देही), साउन ३१/ मर्चवारी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण अर्यालले भ्रष्टाचार गरेको आरोपसहित अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयले रूपन्देहीका सात जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । गाउँपालिकाको विभिन्न विकास निर्माणको काममा तथा तालिम कार्यक्रममा कमिसन लिएको आरोपसहित सात जनाविरुद्ध मुद्दा दर्ता गरिएको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

बुधबार एक प्रेस विज्ञप्ति जारी गर्दै आयोगले मर्चवारी गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण अर्याल, उनका छोरा पवनकुमार अर्याल, वडा नम्बर ३ का तत्कालीन वडाध्यक्ष नारायणबहादुर यादव, वडा नम्बर ५ र ६ का वडासचिव गुलाब यादव, समृद्ध नेपाल इनर्जीका प्रोप्राइटर विनोदबाबु तिवारी, तत्कालीन गाउँ कार्यपालिका सदस्य राजेश हरिजन र मानसरोवर टेक्निकल ट्रेनिङ इन्स्टिच्युटका प्रोप्राइटर अमरिश यादवमाथि मुद्दा दायर गरेको छ । प्रवक्ता दाहालका अनुसार गाउँपालिकामा अवैध कमिसन जम्मा गराउनका लागि अर्कै व्यक्तिको नाममा बैंक खाता खोलिएको थियो । यस विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखिएको उजुरी राष्ट्रिय सतर्कता केन्द्रबाट छानबिन गरी विस्तृत अध्ययन गर्न आयोगमा फाइल पठाइएको थियो ।

अख्तियारले अनुसन्धान गर्दा आर्थिक वर्ष २०७७/०७८ मा वडा नम्बर ३ मा गरिएका विकास निर्माणका कामहरू, मर्चवारी गाउँपालिकामा सौर्य ऊर्जा प्रविधि जडान कार्य, वडा नम्बर ६ मा र वडा नम्बर ७ का वडामा गरिएका विकास निर्माणका काम, पालिकाबाट सामाजिक विकासतर्फको सीपमूलक तालिम सिलाइकटाइ तालिम कार्यक्रम भएका थिए ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

पूर्वाधार निर्माण गर्दा ध्यान देऊ

गत वर्षझैं यस वर्ष पनि वर्षायामको सुरुवातसँगै सानादेखि ठूला पहिरोहरू जाने क्रम जारी छ । पछिल्लो समय हेर्ने हो भने जति पनि बाढी पहिरोका घटनाहरू भएका छन् । ती सबै सधैं जस्तै भारी वर्षालाई र भिरालो जमिनलाई मात्रै दोषारोपण गर्ने खालका देखिदैनन् । देशैभरिका पछिल्लो समयको विकास निर्माण हुटहुटीलाई हेर्ने हो भने विना अध्ययन, विना मापदण्ड एवम् मनपरी ढंगले निर्माण भैरहेका सडक सञ्जालले नै झनै पहिरोलाई प्रोत्साहन गरेको जस्तो देखिन्छ । वास्तवमा भन्ने हो भने जोखिम पहिचान, पूर्वाधार विकासको शैली, बस्ती विकासको ढाँचा र प्रविधि साथै विपद् पूर्व सम्बन्धी गरिने अध्ययन र अनुसन्धानको कमि लगायतका कुराहरू पनि पछिल्लो समय क्षतिको प्रमुख कारणको रुपमा देखिन्छ । प्राकृतिक विपत् मानवीय नियन्त्रणबाहिर भए पनि त्यसले पुऱ्याउने क्षति न्यून गर्न भने सकिन्छ तर, नेपालमा सरकारले क्षति न्यून गर्न प्रभावकारी नीति अवलम्बन गर्न भने सकेको छैन । यसले दिगो विकासको लक्ष्यमाथि नै चुनौती थपेको छ । त्यसैले आगामी दिनमा बनाइने पूर्वाधारमा सकेसम्म कम क्षति पुगोस् भन्नेमा ध्यान दिन ढिला भइसकेको छ ।

बाढीपहिरोबाट खानेपानी आयोजना, सडक तथा पुल र जलविद्युत आयोजनामा ठूलो क्षति पुगेको छ । यस्तो क्षति वर्षेनि हुने गरे पनि पूर्वाधार निर्माणमा आवश्यक सतर्कता अपनाउन सकिएको छैन । पहाडमा जथाभावी खनिएका सडक अहिले धराप जस्तै बनेका छन् । डोजरे विकासको नामले चिनिएका सडकहरूबारे पर्याप्त अध्ययन भएको पाइँदैन । खासगरी त्यसले वातावरणीय क्षति कति पुऱ्याउँछ भन्ने कुनै अध्ययन छैन् । भौगोलिक बनोट पनि अध्ययन भएको छैन । त्यसैले अहिले पहाडी क्षेत्रमा पहिरोको समस्या बढी देखिइरहेको छ । यसर्थ भौतिक पूर्वधारहरु निर्माण गर्दा सम्भावित प्रकोपबाट प्रभावित नहुने गरी बनाइन जरुरी छ ।

Opinion @ Social Network

दु:खका दिनहरूमा अफ्ठ्यारा परिस्थितिहरुमा तपाईको असल साथी तपाई नै हो । बस हरेक पीडाहरुलाई हाँसेर व्यक्त गर्नुस् !

(पुरन पोखरेलको फेसबुक स्टाटस https://www.facebook.com/puran.pokhrel.90)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

मोबाइलले बिगारेको हाम्रो समाज

दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

> *विश्व नै एउटा औलामा भन्ने पक्षलाई आज भोलि मोबाइल र इन्टरनेटले यथार्थ सावित गराएको देखिन्छ । यसैको विकास र प्रयोगले शहरी क्षेत्रमा बस्ने नागरिकलाई मात्रै होईन दुर्गम ग्रामीण क्षेत्रमा बस्ने जनताको दैनिकीलाई पनि सरल र सहज बनाएको देखिन्छ । यसको सहि प्रयोगले बेफाईदा भन्दा बढी फाईदा नै हुने देखिन्छ तर आज भोली कतै हामी, हाम्रो परिवार र समाज यसको प्रयोग भन्दा पनि दुरुपयोग बढी मात्रामा गरेको त होइन शंखा भने उत्पन्न गराएको छ । दिनभर मात्रै कहाँ हो र रातभर टिकटक, फेसबुक लाईभमा समय बिताईरहेका छौं । भाईरल हुने, लाईक र कमेन्टको आशमा जस्तो हर्कत गर्न पनि पछि परेका छैनौ । यस्ता क्रियाकलापले हाम्रो परिवार र समाजको भविष्य कता जाने त्यसको त कुरै छोडौ आफ्नै शारीरिक तथा मानसिक स्वास्थ्यमा पनि असर परिरहेको छ त्यसको कुनै ख्याल गर्ने फुर्सत नै छैन आज भोलि हामीलाई । हिजो यस विषयमा धेरै जानकार नहुँदा होटलमा फ्रि वाईफाई लेखेको देखेर एक पिलेट फ्रि वाईफाई खाउन भन्ने हामी आज सबै कुरा छोडेर इन्टरनेट र मोबाइलको अत्याधिक प्रयोगमा नै रमाउन थालेका छौं । बालबालीका, युवा युवती देखि लिएर जेष्ठ नागरिक सबै उमेर समूह यसैमा झुमिन र रमाउन थालिसकेका छौ । प्रयोग मात्रै कहाँ हो र ? यसैको प्रयोगबाट अनेकौ विकृति बिसंगतीहरु बढ्दै गएको देखिन्छ ।*

आज भोलि चौपारी, पाटी, पौवामा बसेर दु:ख-सु:ख का विषयमा साथीहरुबिच जमघट र छलफल, परिवारका सदस्यहरु बिच एकै ठाउँ बसेर पारिवारीक छलफल हुन छाडिसक्यो । व्यक्ति-व्यक्तिबिचको आत्मियता पनि क्रमश: हराउँदै गएको अनुभुति गर्न सकिन्छ । अच्चम लाग्यो होला यी भनाईहरु सुन्दा । अच्चम मान्नुपर्ने कुनै कारण पनि देखिदैन् । हो आजभोली हाम्रो परिवार र समाज यस्तै प्रवृत्तिलाई प्रोत्साहन गरि रहेको देखिन्छ । पछिल्लो समय विकासको नयाँ प्रविधिले गाउँ शहर जताततै जनताको हात हातमा मोबाईल पुऱ्यायो । कसैले त आफ्नै मिहिनेतले त कसैले ऋृण नै खोजेर सरकारको हात-हातमा मोबाईल भन्ने नारालाई मुर्तरुप दिन सफल भएको देखिन्छ तर यसको प्रयोगले हामीलाई यति आधुनिकतातर्फ लान थाल्यो की कतै हामी हाम्रा धर्म, संस्कृति, संस्कार, रितीथिती, परम्परा सबै बिर्सेर यसैमा रमाउन थालेका त होइनौ ? प्रश्नहरु उठन थालेको देखिन्छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

सञ्चारको महत्वपूर्ण साधनको रुपमा विकास भएको मोबाईल र इन्टरनेटको तिब्र विस्तारका कारण हाम्रा हरेक क्रियाकलापलाई सहज र सरल बनाएको पाइन्छ । यसैको सहि प्रयोगका कारण घरैमा रोजगारी सिर्जना भएको, व्यापार व्यवसाय पनि सफलता पूर्वक सञ्चालन गर्न सहयोग पुगेको, क्षण भरमा नै देश विदेशका खबरहरु थाहा पाउन सकेको, समय र परिवेश अनुसार आफ्नो दैनिकीमा परिवर्तन ल्याउन सहयोग पुगेको देखिन्छ । विश्व नै एउटा औलामा भन्ने पक्षलाई आज भोलि मोबाइल र इन्टरनेटले यथार्थ सावित गराएको देखिन्छ । यसैको विकास र प्रयोगले शहरी क्षेत्रमा बस्ने नागरिकलाई मात्रै होईन दुर्गम ग्रामीण क्षेत्रमा बस्ने जनताको दैनिकीलाई पनि सरल र सहज बनाएको देखिन्छ । यसको सहि प्रयोगले बेफाईदा भन्दा बढी फाईदा नै हुने देखिन्छ तर आज भोली कतै हामी, हाम्रो परिवार र समाज यसको प्रयोग भन्दा पनि दुरुपयोग बढी मात्रामा गरेको त होइन शंखा भने उत्पन्न गराएको छ । दिनभर मात्रै कहाँ हो र रातभर टिकटक, फेसबुक लाईभमा समय बिताईरहेका छौं । भाईरल हुने, लाईक र कमेन्टको आशमा जस्तो हर्कत गर्न पनि पछि परेका छैनौ । यस्ता क्रियाकलापले हाम्रो परिवार र समाजको भविष्य कता जाने त्यसको त कुरै छोडौ आफ्नै शारीरिक तथा मानसिक स्वास्थ्यमा पनि असर परिरहेको छ त्यसको कुनै ख्याल गर्ने फुर्सत नै छैन आज भोलि हामीलाई ।

हिजो यस विषयमा धेरै जानकार नहुँदा होटलमा फ्रि वाईफाई लेखेको देखेर एक पिलेट फ्रि वाईफाई खाउन भन्ने हामी आज सबै कुरा छोडेर इन्टरनेट र मोबाइलको अत्याधिक प्रयोगमा नै रमाउन थालेका छौं । बालबालीका, युवा युवती देखि लिएर जेष्ठ नागरिक सबै उमेर समूह यसैमा झुमिन र रमाउन थालिसकेका छौ । प्रयोग मात्रै कहाँ हो र ? यसैको प्रयोगबाट अनेकौ विकृति बिसंगतीहरु बढ्दै गएको देखिन्छ । अनेकौ घटनाहरु सुन्न र देख्न नेपाली समाज बाध्य भएको छ र यसैको अभ्यासमा रुमलिएको पनि देखिन्छ र भन्न मन लाग्छ यस्तै प्रवृत्ति बढ्दै जाने हो भने हाम्रो समाज कता जाने होला ? इष्टमित्र नातागोता घरमा पाहुनाको रुपमा आउँदा भोक तीर्खा, सञ्चो बिसञ्चो सोध्न हैन वाईफाईको पासवर्ड सोध्नमा, सुख-दुख आदन-प्रदानमा हैन वाईफाईको पासबर्ड आदन-प्रदानमा तम्सिएका हुन्छौ । मिठा गफगाफमा हैन आ-आफ्नै तालमा मोवाईलमा नै रमाउन थालेका छौं । चाडपर्व, विवाह, भोज भतेरको रमाईलो र रौनकतालाई मोबाईलले खुम्च्याईदिएको छ । परिवारको सदस्यको सफलता असफलता, घरमा के परिकार पाक्यो सामाजिक सञ्जाल हेरेर थाहा पाउनु पर्ने अवस्था आएको देखिन्छ । गोप्यता के ? संवेदनशीलता के ? सदभाव के ? भाईचारा के ? यी सबै पक्ष लगभग हामीबिचबाट हराई सकेको देखिन्छ ।

पिडा के हो ? खुसी के हो ? यसको अर्थ नै बुझ्न छाडिसकेका छौं । मोबाइल र इन्टरनेटका कारण मस्त निन्द्रामा परे जस्तो देखिन्छौ हामी । आज भोली हामी आकस्मिक दुर्घटनामा परेका घाईते वा पिडितको उद्धार र सहयोगमा, प्रहरीलाई जानकारी दिन, एम्बुलेन्स बोलाउन तत्परता देखाउँदैनौ देखाउछौ त भिडियो, सेल्फी र फोटा खिच्न र त्यसलाई कसले सबै भन्दा पहिला सामाजिक सञ्जालमा राख्ने अनि कसरी भाईरल हुने त्यही कुरामा आतुर भइरहन्छौ । यसबाट हिजो अन्यलाई सहयोग, सदभाव, दया, माया राख्न आतुर हाम्रो परम्परा, हाम्रो कमलो मन कठोर हुँदै क्षणीकतामा रमाउन थालेको सजिलै अनुमान लगाउन सकिन्छ ।

आफ्नो गाउँ घरका विकास निमार्णका कुराहरु, राम्रा-राम्रा योजनाहरु गाउँ घरमा देखिदैन देखिन्छ त सामाजिक सञ्जालमा, त्यति मात्रै कहाँ हो र ? नेतृत्वको मिठा-मिठा आसवासन र भाषण, हुँदै नभएका विकासका कुरा पनि सामाजिक सञ्जालमा नै हेर्न सुन्न पाइन्छ । नेतृत्वको आरोप-प्रत्यारोपका चर्का भाषणहरु सुन्न घर बाहिर पुग्नु पर्दैन आज भोली मात्रै खोले पुग्छ मोवाईल अनि सामाजिक सञ्जाल । जे पनि लेख्न, जे पनि बोल्न छुट छ सञ्जालमा ,दिनभरको रिस पोख्न पाइन्छ मोबाईलमा तर यसको नियन्त्रणको तत्काल कुनै प्रभावकारी बिधि नभएकाले यसले हाम्रो समाजलाई कता तिर पुऱ्याउने हो चिन्ताको विषय बनाएको छ ।

समय अनुसार हामीले हाम्रो समाजलाई रुपान्तरण गर्दै लानु आजको आवश्यकता पनि हो तर रुपान्तरणको नाममा देखिने बिसंगती र विकृत्तिले हाम्रो समाजलाई, हाम्रो जीवन शैलीलाई अप्ठयारो मोडमा पुऱ्याउन सक्ने भएकाले यसमा सजगता अपनाउनु जरुरी भने देखिन्छ । विकास भएका प्रविधिको प्रयोग गर्नु हाम्रो अधिकार पनि हो । प्रयोग गर्न पाउनु पनि पर्दछ । व्यक्तिदेखि समाज, देशदेखि विदेशका सबैं खाले समाचार, घटना थाहा पाउने एउटै आधार पनि हो मोबाईल अनि सामाजिक सञ्जाल, युट्युव, टिकटक, तर यसको प्रयोग र सञ्चालनमा व्यक्ति स्वयम नै सजग र सचेत हुनु पर्ने देखिन्छ भने राज्यले पनि यसलाई व्यवस्थित बनाउन आवश्यक मापदण्ड बनाउन आवश्यक देखिन्छ । मोबाइल र यसको प्रयोगबाट बढ्दै गएको सामाजिक विकृत्ति र बिसंगतीमा भने आवश्यक नियन्त्रण गरी अगाडि बढ्नु पर्ने देखिन्छ । यसका लागि व्यक्ति, परिवार, समाज लगायत राज्यका निकायहरु आ-आफ्नो ठाँउबाट लाग्ने की ?

(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । सम्पत्ति हात पर्ने योग छ।
वृष : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्छ।
मिथुन : इनाम र प्रतिष्ठा कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ ।
कर्कट : प्रेमीको सहयोग प्राप्त हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ ।
सिंह : नयाँ कार्यको योजना बन्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।
कन्या : मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक समस्या पनि खेप्नु पर्नेछ ।
तुला : शुभकार्यको चर्चा चल्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ ।
बृश्चिक : आत्मिक सन्तुष्टि मिल्नेछ । लगनशीलताले काम अगाडि बढ्नेछन् ।
धनु : शुभकार्यको चर्चा चल्नेछ । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ ।
मकर : अधिकारका लागि संघर्ष गर्नु पर्ला, तर प्रेम सम्बन्धमा मधुरता छाउनेछ ।
कुम्भ : सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ ।
मिन : आँटेको र ताकेको कार्य पुरा होला। वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।

बाल बाटिका

बाल कथा

बकुल्लाको मूर्खता

जंगलको छेउ बरको रुखमा एउटा बकुल्ला गुड बनाएर बसेको थियो । एकान्त भएकाले उसले त्यो ठाउँ रोजेको मात्र थिएन वर्षौंदेखि त्यहीँ बसोबास गर्दै आएको समेत थियो । उसको दिन राम्रै बितेको थियो । दिनभर खोला तथा तलाउ किनारतिर डुलेर आहारको खोजी गर्थ्यो साँझ गुडमा आएर बस्थ्यो । त्यत्तिकैमा एक दिन कतैबाट एउटा सर्प आइपुग्यो । सायद उसलाई पनि त्यो स्थान राम्रो लागेछ क्यारे उसले पनि त्यही रुखको जरामा दुलो बनाएर बस्न थाल्यो । जब सर्पको आगमन भयो त्यसपछि भने बकुल्लाको दुःखको दिन सुरू भयो । साँप अलि बढी नै धूर्त थियो । कुनै पनि चराको बचेरा देख्नासाथ एकै गाँस बनाउने उसको बानी थियो । विचरो बकुल्लो पनि यसैको सिकार हुन थाल्यो । उसको भालेपोथीले बल्लबल्ल दुःख गरेर बच्चा कोरल्थे उसले कुन सड्को एकै गाँस बनाउँथ्यो पत्तै हुँदैनथ्यो । बकुल्लो बच्चा बचाउन नसकेकोमा दुःखी त थियो तर गर्न भने केही पनि सक्दैनथ्यो । यसका लागि कि बसाइँ नै सरेर हिँड्नुपर्ने थियो, जुन भन्ने बित्तिकै हुने कुरा थिएन ।

नेपालीमा एउटा भनाइ छ- हतपतको काम लतपत । यसको आशय हो कुनै पनि काम गर्नुपर्दा हतार गर्नुहुँदैन । निकै परसम्म सोचविचार गरेर मात्र सुरू गर्नुपर्छ । अन्यथा कुनै पनि बेला ठूलै विपत्ति आउन सक्छ । त्यस्तै परे ज्यानै जाने खतरासमेत निम्तिन सक्छ । धेरै पहिलेको कुरा हो । जंगलको छेउ बरको रुखमा एउटा बकुल्ला गुड बनाएर बसेको थियो । एकान्त भएकाले उसले त्यो ठाउँ रोजेको मात्र थिएन वर्षौंदेखि त्यहीँ बसोबास गर्दै आएको समेत थियो । उसको दिन राम्रै बितेको थियो । दिनभर खोला तथा तलाउ किनारतिर डुलेर आहारको खोजी गर्थ्यो साँझ गुडमा आएर बस्थ्यो । त्यत्तिकैमा एक दिन कतैबाट एउटा सर्प आइपुग्यो । सायद उसलाई पनि त्यो स्थान राम्रो लागेछ क्यारे उसले पनि त्यही रुखको जरामा दुलो बनाएर बस्न थाल्यो ।

जब सर्पको आगमन भयो त्यसपछि भने बकुल्लाको दुःखको दिन सुरू भयो । साँप अलि बढी नै धूर्त थियो । कुनै पनि चराको बचेरा देख्नासाथ एकै गाँस बनाउने उसको बानी थियो । विचरो बकुल्लो पनि यसैको सिकार हुन थाल्यो । उसको भालेपोथीले बल्लबल्ल दुःख गरेर बच्चा कोरल्थे उसले कुन सड्को एकै गाँस बनाउँथ्यो पत्तै हुँदैनथ्यो । बकुल्लो बच्चा बचाउन नसकेकोमा दुःखी त थियो तर गर्न भने केही पनि सक्दैनथ्यो । यसका लागि कि बसाइँ नै सरेर हिँड्नुपर्ने थियो, जुन भन्ने बित्तिकै हुने कुरा थिएन । कि साँपसँग मुकाबिला गर्नुपर्ने थियो त्यो पनि उसको वशका थिएन । त्यसैले उसलाई उदासीले निकै सतायो । यस्तैमा एक दिन नदी किनारमा उदास भएर बसिरहेको बेला गँगटोले देख्यो र नजिकै आएर भन्यो-

'मित्र ! केही दिनदेखि निकै चिन्तित देख्छु । के पऱ्यो त्यस्तो ? कुनै सहयोग चाहिए भन्नुहोला है ।'

गँगटोको कुरा सुनेर बकुल्लाले आफ्नो समस्या बताउँदै भन्यो-

'मित्र ! के गर्ने हेर न । दुष्ट साँपले बसिखानै दिएन । मेरा बच्चा जति उसैको आहार हुने गरेका छन् । न बासस्थान छाडेर हिँड्न सकिने अवस्था छ । न त्यस पापीसँग मुकाबिला गर्ने तागत छ । त्यही चिन्ताले दिनको भोक र रातको निद्रा हराएको छ ।'

बकुल्लाको कुरा सुनेर गँगटो मनमनै खुसी भयो । किनभने मौका पर्दा उसका पनि बच्चाहरू बकुल्लाले बाँकी राख्दैनथ्यो । तथापि ऊसँग मुकाबिला गर्ने शक्ति नभएकाले सबै पीडा पचाएर बाहिरफेर मिलेजस्तो गर्दै आएको थियो । उसलाई लाग्यो बदला लिने यही नै उपयुक्त मौका हो तर त्यस्तो भाव देखाउन भने भएको थिएन । त्यसैले दुःखी भएजस्तो गर्दै भन्यो-

'ओहो यो त निकै दुःखको कुरा हो मित्र ! तर हार मान्नुहुन्न ।'

'त्यो त हो तर गर्नै पो सकिन्छ र ?'

'कहाँ त्यसो भनेर हुन्छ ? यस्तोमा जुक्तिले काम गर्नुपर्छ ।'

'के जुक्ति होला र खोइ ?'

'आँट्नुपर्छ जे पनि गर्न सकिन्छ ।'

गँगडोको कुरा सुनेर बकुल्लाले उज्यालो मुख लगाउँदै भन्यो-

'भनन मित्र ! त्यस दुष्ट साँपबाट मुक्ति मिल्छ भने जस्तोसुकै आँट गर्न पनि पछि पर्दिन ।'

'ठीक छ ठिक छ ।' आफ्नो दुनो सोझ्याउन केही सोचे जस्तो गर्दै गँगटोले भन्यो-

'जहाँ तिमी बसेका छौ नि त्यसैको केही पर न्याउरी मुसोको दुलो छ । साँप र न्याउरी मुसो जानी दुष्मन हुन् । त्यसैले आजै केही मासुको टुक्रा लगेर उसको दुलो नजिक राखिदिनु र केही टुक्रा बाटाको बीच पनि खसाउँदै बाँकी बसेको टुक्रा साँपको दुलो भएको ठाउँमा राखिदिनु ।'

'त्यसले के गर्छ र ?'

'ल ! त्यति पनि थाहा छैन ? न्याउरी मुसो त्यही मासु खाँदै आउने छ र सर्पको समेत काम तमाम गरिदिनेछ ।'

गँगटोको कुरा सुनेर बकुल्लो निकै खुसी भयो । जसरी भए पनि उसलाई यथाशीघ्र साँपको अत्याचारबाट मुक्ति पाउनु थियो । त्यसैले दायाँ बायाँ कतै नहेरी तत्कालै त्यस्तै गऱ्यो उसले । नभन्दै भयो पनि त्यस्तै ।

न्याउरी मुसो मासुको गन्ध सुँघ्दै त्यहीँ आइपुग्यो र त्यहाँ रहेको मासुको साथमा साँपलाई पनि निमोटनामोठ गरेर खाइदियो तर कुरो त्यहीँ मात्र टुङ्गिएन । ऊ रुखमा रहेका बकुल्लालाई समेत भोजन बनाएर हिँड्यो । वास्तवमा गँगटोले बकुल्लासित नै मुक्ति पाउन त्यस्तो उपाय बताएको थियो तर हतारका कारण बकुल्लाले त्यतातिर ध्यान दिन भ्याएन र आफ्नो काल आफैंले निम्त्यायो । उसले हतार गरेर जुन मूर्खता देखायो त्यसको मूल्य आफ्नै जीवन दिएर चुकाउनुपऱ्यो । यस कथामा केकति सत्यता छ त्यो त थाहा छैन तर हतार गर्दाको नतिजा जहाँ पनि यस्तै हुन्छ भन्ने कुरा भने सत्य हो ।

-रातोपाटी डटकम

निबन्ध **विष्णु पादुका**

खाडल र खाडलहरू

खाडल बाटोको होस् या आँगनको होस् खतरापूर्ण हुन्छ । खाडल पुर्न हामी हतार गर्छौं । जमिनमा परेको खाडल पुर्न जति सजिलो हुँदो त समाज सम्म भैसकेको हुने थियो । मानव विकासका चरणहरू हेर्दै जाँदा खाडल पनि उही बाटोमा अघिपछि लागेर आएको देखिन्छ । ढुङ्गे-युगदेखि ए आइ को चरणसम्म हेर्दा खाल्डोका प्रकारमा भिन्नता त आएको छ तर आकार र संख्या दिनदिनै बढ्दो छ । देशमा समाजवाद भन्ने शब्द सुनिन लागेको धेरै भएको छ । समाजका खाडल पुर्ने कुनै एउटा ठुलै डोजर पो होला भन्ठान्थेँ म । सुनेको कुरालाई आफ्नै हिसाबले बुझ्ने अवस्था जो थियो । पढ्ने अवसर को अभावमा थिएँ । केही कुराको विगत आदर्शमय हुन्छ भने केही कुराको भयावह । खाडलहरूले आफ्नो इतिहासमा सुनौलो र आदर्शमय हुन सक्ने कुरा भएन । धार्मिक कथामा हुने अनेक वर्णनमा पनि खाडलहरू प्रचुर थिए । उसो त समाज नियन्त्रणको एक पर्खाल हुन्थ्यो धर्म र पापको । पर्खाल बाहिर खाडलकै संसार हुन्थ्यो । भित्रका खाडलमै जाकिएर ठुला र बलिया भनिने वंशज मासिएको दृष्टान्त समेत छ जुनसुकै ग्रन्थमा । रङ्गको बलमा, कामको बलमा, सम्पत्तिको बलमा, पदको बलमा हुने गरेका यावत कुराले खाडल पुर्ने भन्दा झन्झन् गहिरा खाडल खन्ने काम भयो । बरु मान्छेका रगत र मासुलाई माटो बनाएर पुर्न खोजियो । मानव संहारको शृङ्खला यति तीव्र भयो कि रोगव्याध भन्दा बढी समानताका लागि भएका युद्धमा बढिले ज्यान गुमाए । आजसम्म पनि भूगोल र आर्थिक हिसाबले बलिया भनिएका देशले साना र गरिब देशलाई दबाउन उही शैली छोडिएको छैन । घरदेखि समाज हुँदै विश्वभरी असमानताका खाडल पाइलै पिच्छे छन् । हरेक व्यक्ति मान्छेको रूपमा जन्मिए पनि मर्ने बेलासम्म मान्छे होइन अरुथोक भएर मर्छ । शहिदको चिहान माथि उभिएर सहिदकै बीउ रोप्छ मान्छे ।

ढुङ्गेयुगबाट व्यवस्थित हुन लागेदेखि परिवार प्रणालीको जग बस्यो । घर-जग्गा अनि सम्पत्तिको प्रयोग जीवन सुरक्षाको लागि नै स्थापित हुने हो । त्यसलाई निरन्तरता दिन समाज भित्र हरेक व्यक्तिको दायित्व निर्धारण गरियो । श्रम र सिप र बलको आधारमा कामको बाँडफाँड भयो । परिवार स्थापित हुने बित्तिकै लैङ्गिक खाडल स्पष्ट देखियो । चेतनास्तर खुम्च्याउँदै लैजाँदा श्रम नारीले गर्नुपर्ने सीप र कामको जस पुरुषहरूको पोल्टामा पारियो । छोराछोरी बाबुका हुने अनि बिहे गरेर छोरीहरू बिहे भएर अर्को घरमा जानुपर्ने विभेदको खाडल संसारका अधिकांश समाजमा व्याप्त छ । स्वजन र आफन्तको बिच नमिठो लाग्दालाग्दै पनि स्थापित मान्यता हो यो ।त्यस पछि भेटिन्छ परिवार भित्र खाडलहरू । कति खाडलमा कति जीवन आहुति भएका छन् आजको एक्काइसौं शताब्दीमा पनि । समाज जहिल्यै अघि बढ्ने प्रयत्नमा हुन्छ । प्रगतिशील विचार स्थापित गर्न कम्युनिस्ट पार्टीको विश्वव्यापी देन छ । तर तिनै कम्युनिस्टको बिचमा देखिने खाडलले नै कम्युनिस्टको पतन पनि भएको छ । प्रगतिशील विचार हामी मात्र राख्छौं अन्य सबै कुहेका च्याउ हुन् भनी ठान्ने दोषयुक्त चस्माको फ्रेम फेरिए पनि सिसा उस्तै छ । प्रगतिशील विचार हो जसले पनि ग्रहण गर्न सक्छ भन्ने उदारता भेटिँदैन । मानौं कम्युनिस्ट सधैं आक्रामक हुनुपर्छ, सधैं विरोधमा उत्रनु पर्छ । मायालु भएको प्रेमिल भएको शालीन भएको कम्युनिस्टको चरित्र नै होइन भन्ने भाष्य आफैले निर्माण गर्नु कम्युनिस्टको कमजोरी हो त्यसैले साख गिराएको उनीहरूलाई नै थाहा हुँदैन । केही दिनअघि नेपाली धनाढ्य चौधरीको कवितालाई कान्तिपुरले छाप्यो । जसको बारेमा निकै नकारात्मक टिप्पणी हेर्न सुन्न पाइयो । त्यो पनि लेखनका सम्बन्धमा होइन । कान्तिपुर र लेखकको आर्थिक संलग्नताका बारेमा । आफूलाई प्रगतिशील हौं भन्ने र लेखकीय दबाब सिर्जना गर्नेहरू माझ तटस्थताको लेस देख्न पाइएन । मानौं उनले नै नेपालको अर्थतन्त्र लुटेर खाए जस्तो । चौधरी कविसँग मेरो कुनै सम्बन्ध छैन । भुइँमान्छेकै वर्गमा छु म । मैले यसरी लेख्दा मलाई पनि त्यो कित्तामा राखेर हेर्नेछ त्यो जमातले जसले प्रगतिशीलको दौरासुरुवाल लाइराखेका छन् । मान्छेले आफ्नो अभिव्यक्ति दिन्छ नै । अभिव्यक्ति उसको अन्तरमनको आवाज हो त्यसलाई निषेध गर्दा विस्फोट हुन्छ भन्ने सिद्धान्त किन बिर्सन्छन् मान्छेहरू । अभिव्यक्तिमाथि बन्देज गर्नु एक भयानक खाडल हो । यसैका विरुद्ध कत्रो आन्दोलन छेडियो विगतमा । त्यसबाहेक अभिव्यक्तिको जरो खोतल्नु पो बरु । किन कोही व्यक्ति कस्तो अभिव्यक्ति दिँदै छ । प्रायोजित छ वा स्वतःस्फूर्त हो, त्यो पो गहन कुरा हो । समाज विभाजित छ । यहाँ वर्गहरू छन् । कथित माथिल्लो वर्गले तल्लो वर्गलाई सम्मान गर्न सक्दैन आखिर किन ? मूल प्रश्न यही हो जस्तो लाग्छ । सम्मान पाउन सम्मान दिन किन चुक्छ मान्छे ? आखिर तह र वर्गको बोझ बोकेर मान्छेले कति लामो यात्रा तय गर्न सक्ला ? अभिमानको बाटोमा कोही पछ्याउँदै कोही आउँदैन । एक्लो यात्राको गन्तव्य निर्जन र भयावह छ भन्ने तथ्यलाई एक पलको सम्मान र क्षणिक अभिमानले किन भुलाउँदो हो ? प्रश्न आफैमा उत्तरदायी छ । सरलता मात्रै हो यसको जवाफ । को भन्दा को ठुलोको संघर्षले दुवै पक्ष धुलिमेट हुने हो । अरूलाई हेय र आफूलाई महान् मान्ने दृष्टिकोण केवल लघुतम ब्रह्माण्डको उपज मात्र हो । संवेदनालाई सञ्चारले विस्थापित गरेको युग हो यो । समाचारको आधारमा मान्छेले धारणा बनाउँछ । स्थायी धारणा च्युत भएको यस वर्तमानमा मानवीयता खोज्नु अर्को एक मूर्खता हुनसक्छ । खाडलहरू दिनानुदिन बढ्दा छन् । सरकारलाई रेमिट्यान्स भिर्त्याउन होलसेलमा युवा कोचेर जहाज उडाउन पाए पुगेको छ । चेतनाको स्तरलाई बलियो कुर्ची बनाएर एउटा तप्का स्वघोषित ज्ञान सागर बनिरहेको छ । कर्पोरेट कल्चरले गुलाबी बनेका अक्षरको मोल सामान्य मानिसका लागि छोइ नसक्नु भएको छ । फेरि पनि सचेतनाको लेपन लागेकाहरूले चुपचाप भजनमा ताली मात्र बजाउने कुरा पनि भएन । केही घाटको परिक्रमामा झुम्नेहरू एक अर्कोलाई तारिफको पर्म लाउँछन् र तर्छन् आत्मरतिको सजिलो पुल । जो घाट देखि पर छन् मानौं उनीहरू यी सब कुरासँग अनभिज्ञ छन् । चेतनाको यस खाडलमा आखिर जाकिने त्यही वर्ग हो जसले चेतनाको ठेक्का लिएर बसे । बजारु साहित्य मौका पर्दा सत्ताको आशीर्वाद लिन मात्र जानेको हुन्छ । प्रतिपक्षको बेन्चमा उभिन सक्दैन ।

-साहित्यपोष्ट डटकम

Chandrakot Rural Muncipality
Office of Rural Muncipal Executive
Shantipur, Gulmi, Nepal

INVITATION FOR SEALED QUOTATION

Invitation for Sealed for Procurement of Fabricated Steel Parts for Trail Bridges

Contract Identification No: CRM-GUL-SQ-G01/080/081

First Date of Publication: 2080/4/32 (2023-8-17)

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to **Chandrakot Rural Municipality** for **Trail Bridge Program** and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The **Chandrakot Rural Municipality** invites sealed quotation from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Chandrakot Rural Municipality** or www.bolpatra.gov.np/egp.

Description of Work (Fabrication Package)	Estimated Amount, NRs.(Excluding (VAT)	Bid Security Amount (Rs.)	Bid Document Fee
Fabrication of Steel Parts and Transportation up to Road Heads of Bridge Site	1098020.32	32000.00	1000.00

5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

गाडी भाडा बढ्यो, पाल्पा–काठमाडौंको कति ?

पाल्पा, साउन ३१/यातायात व्यवस्था विभागले डिजेलको मूल्य बढेपछि अन्तरप्रदेश चल्ने सवारी साधनको भाडादर समायोजन गरेको छ । डिजेलको मूल्य प्रतिलिटर १४ रूपैयाँले बढेपछि विभागले अन्तरप्रदेश चल्ने सवारीको भाडा ४.७० प्रतिशतले बढाएर मूल्य समायोजन गरेको हो ।

नयाँ भाडादर बुधबारदेखि नै लागू भएको छ । यात्रुवाहक सवारीका साधनको भाडादर ४.७०, पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीको भाडादर ६.१५ र तराईको बाटोमा सञ्चालन हुने मालवाहक सवारीको भाडादर ६.८३ प्रतिशतले वृद्धि भएको हो । भाडा समायोजन भएपछि काठमाडौं-तानसेनका लागि ९ सय ६ भाडादर कायम भएको छ । यस अघि ८ सय ६५ रुपैयाँ रहेको थियो । यस्तै काठमाडौं-हार्थोक (पाल्पा)का लागि ९ सय ४८ भाडा दर कायम भएको छ । यहाँ यस अघि ९ सय ५ रुपैयाँ रहेको थियो । काठमाडौं-तम्घासको भाडादर एक हजार दुई सय ३८ कायम गरिएको छ । यस अघि यो रुटमा एक हजार एक सय ८२ रहेको थियो । काठमाडौं-पोखरा-तानसेन, कपिलवस्तु- नारायणगढ एकतर्फी एक हजार ७ सय ४४ कायम भएको छ । यस अघि यस रुटमा एक हजार ६ सय ६६ रहेको थियो । यस्तै काठमाडौं-बुटवलका लागि ७ सय ६४ भाडा कायम गरिएको छ । यस अघि ७ सय ३० रहेको थियो । सुर्खेत-पाल्पा-पोखराका लागि एक हजार ५ सय ८५ भाडा दर कायम गरिएको छ । यस अघि यहाँ एक हजार ५ सय १४ रहेको थियो । नयाँ भाडादर लागू भए/नभएको अनुगमन यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरी महाशाखाले गर्ने छन् । पेट्रोलियम पदार्थमा पाँच प्रतिशतभन्दा बढी घटबढ भएमा नयाँ भाडादर समायोजन गर्ने वैज्ञानिक भाडादर सम्बन्धी कार्यविधिमा व्यवस्था छ । नेपाल आयल निगमले व्यवस्थापन समितिको मंगलबार बसेको बैठकले पेट्रोल प्रतिलिटर ५ र डिजेल/मट्टितेलमा १४ रुपैयाँ मूल्यवृद्धि गर्ने निर्णय गरेको थियो । इन्डियन आयल कर्पोरेसनबाट खरिद मूल्य बढेर आएरकोले मूल्य समायोजन गरिएको निगमले जनाएको छ । मूल्यवृद्धि सँगै अब उपभोक्ताले प्रतिलिटर पेट्रोलको मूल्य १ सय ७८ र मट्टितेल/डिजेलको १ सय ६७ रुपैयाँ तिर्नुपर्नेछ । यसअघि पेट्रोल प्रतिलिटर १ सय ७३ र डिजेल/मट्टितेल १ सय ५३ रुपैयाँ थियो ।

भ्रष्टाचारको रकम जम्मा...

...सोही योजना एवं कार्यक्रमको वर्षको अन्त्यमा सरकारी रकम भुक्तानी दिँदा प्रमुख प्रशासकीय अधिकृत अर्यालले पालिकासँग सरोकार राखेर आर्थिक कारोबार गरेका समूहबाट घुस लिएको पुष्टि भएको प्रवक्ता दाहालले बताए ।

दाहालका अनुसार प्रमुख प्रशासकीय अधिकृत अर्यालले १३ लाख ४५ हजार घुस लिएको अख्तियारले पुष्टि गरेको छ । अख्तियारले अर्यालबाट घुस लिएको १३ लाख ४५ हजार जफत, त्यसअनुसारको जरिवाना र कैद सजायको माग दाबी लिएको छ । उनका छोरा पवन कुमारसँग पनि सोही बिगोबमोजिमको सजाय मागदाबी गरेको छ । वडासचिव गुलावसँग दुई लाख बिगोबमोजिम जरिवाना र कैद सजाय माग गरिएको छ । तत्कालीन वडाध्यक्ष नारायणबहादुरसँग पाँच लाख बिगो कायम गरेको छ । प्रोप्राइटर विनोदबाबु तिवारीविरुद्ध ८५ हजार, तत्कालीन गाउँ कार्यपालिका सदस्य राजेश हरिजनविरुद्ध तीन लाख ६० हजार र प्रोप्राइटर अमरिश यादवविरुद्ध दुई लाख बिगो मागदाबी गरेको छ । आरोपितमध्ये प्रमुख प्रशासकीय अधिकृत अर्यालले अवकास पाइसकेका छन् भने तत्कालीन कार्यपालिका सदस्य राजेश हरिजनको मृत्यु भइसकेको छ । *-रासस*

एकै वडाबाट ७ लाख...

...बगनासकालीका ७, ८ र ९ वडामा अदुवाको व्यवसायिक खेती हुँदै आएको कार्यक्रम संयोजक कुवरले बताए । यहाँका ३ वटा वडामा ८ कृषक समूहमार्फत १ सय ६१ कृषहरु आवद्ध रहेका छन् । कारितासले स्थानीय सरकारहरुको समन्वयमा बगनासकाली सहित जिल्लाको रिब्दीकोट गाउँपालिका र तानसेन नगरपालिकामा समेत अदुवाको कार्यक्रम गर्दै आएको छ । पछिल्लो समय कालितासले अदुवामा आर्थिक सहयोग गर्न थालेपछि कृषकहरु व्यवसायिक खेतीतर्फ आकर्षिकत हुँदै गएका छन् । बुधबार बगनासकाली गाउँपालिकाले वडा ७ मा सञ्चालिन अदुवा कार्यक्रमको अनुगमन समेत गरेको छ । अनुगमनमा पालिका अध्यक्ष सरस्वती चिदी, उपाध्यक्ष हरि पाठक, प्रमुख प्रशासकिय अधिकृत बद्रीनाथ लम्साल, प्रवक्ता टिका थापा, ७ का वडा अध्यक्ष गणबहादुर बूढाथोकी, कारितास नेपालका कार्यक्रम संयोजक हरिश सिहं कुवर, कृषि अधिकृत जया उपाध्याय, जेटिए कृष्ण कुंवर सहित पत्रकारको उपस्थिति रहेको थियो ।

प्रकाशन तथा प्रसारण संघ, लुम्बिनीको

सूचना

लुम्बिनी प्रदेश भरी छरीएर रहेका विभिन्न छापा माध्यम, इलेक्ट्रोनिक्स तथा अनलाईन प्रकाशन तथा प्रसारणहरूलाई समेट्दै उनीहरूको हक, हित र वृत्ति विकासको लागी आवाज उठाउदै क्षेत्रगत विकास र थप सीप क्षमताको विकास गरी रोजगारी सिर्जना गर्ने उद्देश्यले अभिप्रेरीत भई सबैलाइ एउटै सुत्रमा समेट्ने र यस व्यवसाय मार्फत समग्र राष्ट्र निर्माणमा योगदान गर्नुपर्ने खांचोलाई महशुस गर्दै व्यवसायको समुन्नत विकास तथा व्यवसायीहरूको सहज जीवनयापन, हक अधिकार कायम गर्दै पेशागत सुरक्षाको लागी स्थापना भएको प्रकाशन तथा प्रसारण संघ, लुम्बिनीले निम्न मिति, स्थान र समयमा मिडिया सम्मेलनको आयोजना गरीएको हुँदा छापा माध्ययम, टेलिभिजन, रेडियो र अनलाईन सञ्चार प्रतिष्ठानका प्रकाशक तथा सञ्चालकहरूलाई सहभागिताका लागि जानकारी गराईन्छ।

मिति : २०८० भाद्र १ गते, शुक्रबार
स्थान : होटल पौवा, योगीकुटी, तिलोतमा
समय : दिनको २:०० बजे

माधव नेपाल
सचिव
९८५७०२१४०२

नवराज कुंवर
अध्यक्ष
९८५१०४४६२८

पुनश्च : रुपन्देही जिल्ला बाहेकका सहभागिहरुलाई आवासीय व्यवस्था रहेको छ । कार्यक्रममा सहभागिले आफू प्रतिनिधित्व गर्ने सञ्चार संस्थाको प्रकाशक वा सञ्चालक रहेको प्रमाण पेश गर्नु पर्ने छ । एक संस्थाबाट एकजना मात्रै प्रतिनिधि हुनेछ ।

हार्दिक बधाई तथा शुभकामना

यस पाल्पा आवासीय माध्यमिक विद्यालयको विगतदेखिको गौरवपूर्ण शैक्षिक इतिहासलाई निरन्तरता दिदैं **राष्ट्रिय परीक्षा बोर्ड (NEB) द्वारा २०७९ सालमा सञ्चालित कक्षा १२ को परीक्षामा विज्ञानतर्फ जिल्ला प्रथमसहित विज्ञान तथा व्यवस्थापनमा** उत्कृष्ट नतिजा हासिल गर्न सफल सम्पूर्ण विद्यार्थीहरुमा **हार्दिक बधाई** तथा आगामी उच्च शैक्षिक सफलताको **हार्दिक शुभकामना** व्यक्त गर्दछौं । साथै शैक्षिक उपलब्धि हासिल गर्न हामीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सल्लाह, सुझाव सहित सहयोग गर्नुहुने सम्पूर्ण शिक्षक, कर्मचारी, अभिभावक, विद्यालय सञ्चालक समिति तथा शिक्षाप्रेमी महानुभावहरु प्रति **हार्दिक आभार** व्यक्त गर्दछौं ।

सुरभी घिमिरे (जिल्ला प्रथम
(GPA ३.७०) विज्ञान तर्फ)

अजिता घर्ती मगर
(GPA ३.४२)

सहिम दिन मिया
(GPA ३.३४)

सुलभ श्रेष्ठ
(GPA ३.२५)

आरजु अधिकारी
(GPA ३.२०)

रिया गाहा
(GPA ३.१९)

रहिम कार्की
(GPA ३.१९)

सदिक्षा कुँवर
(GPA ३.१४)

सोनम थापा
(GPA ३.१३)

सिरिस दर्लामी
(GPA ३.१२)

सुनेना श्रेष्ठ
(GPA ३.०८)

निखिल खाती
(GPA ३.०७)

विश्वास रावल
(GPA ३.०५)

सम्पदा बज्राचार्य
(GPA ३.०१)

अनिस थापा
(GPA ३.००)

रोशनी रसाइली
(GPA २.९८)

शिक्षा घिमिरे
(GPA २.९७)

सगुन ढकाल
(GPA २.९७)

सिरिज चित्रकार
(GPA २.९७)

सुलभ शाक्य
(GPA २.९४)

दामन तामाङ
(GPA २.९०)

डेनिस राना
(GPA २.८७)

सोना थापा
(GPA २.८५)

सरोज बराल
(GPA २.८४)

नविन सारु
(GPA २.८२)

भुवन दर्लामी
(GPA २.८१)

अन्जुला बस्नेत
(GPA २.८०)

रितु राना
(GPA २.७३)

स्मृति पाण्डे
(GPA २.७२)

बिमला फाल
(GPA २.६८)

स्मृति थापा
(GPA २.६७)

अनिल गाहा मगर
(GPA २.५६)

गोपाल पि.सी
प्रिन्सिपल

तथा

केदारलाल श्रेष्ठ
अध्यक्ष

पाल्पा आवासीय माध्यमिक विद्यालय परिवार

तानसेन, पाल्पा

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई